अनुसुची २

# खाता खोल्ने फाराम

श्री राष्ट्रिय वाणिज्य बैंक लि.　　　　मिति ....................................

शाखा कार्यालय ................................................　　　　खाता नं. ..................................

कृपया देहाय अनुसारको खाता यस बैंकमा खोलिदिनु हुन अनुरोध छ ।

खाताको किसिम : ☐ बचत ☐ चल्ती ☐ अन्य

मुद्रा : ☐ नेपाली ☐ अमेरिकी डलर ☐ अन्य

बनोट : ☐ व्यक्तिगत स्वामित्व भएको ☐ साझेदारी ☐ प्रा.लि. ☐ लिमिटेड कम्पनी ☐ अन्य

खातावालाको नाम: .......................................................... ठेगाना: ..........................................

पत्राचार गर्ने ठेगाना: ..................................................................................................

टेलिफोन........................................................................ फ्याक्स...............................................................

इमेल ........................................................................ पो.ब.नं. ...............................................................

सबै संचालकहरु (साझेदारहरु) र १५ प्रतिशत वा सो भन्दा बढी शेयर भएका शेयरवालाहरुको नामावली :

| नाम | पद | शेयर % | घरको पुरा ठेगाना | टेलिफोन |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

खाता सञ्चालन गर्नेको नामावली

| नाम | पद | घरको पुरा ठेगाना | टेलिफोन |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

म/हामी यहाँ माथि उल्लेखित दस्तखतकर्तालाई खाता सञ्चालन गर्ने अधिकार मिति.........................................को बोर्डको निर्णय बमोजिम प्रदान गरिएको प्रमाणित गर्दछौं ।

म/हामी यो घोषित गर्दछौं कि यस खाता खोल्ने फाराममा उल्लेख गरिएको जानकारी र विवरण हामीसँग प्राप्त रहेका अभिलेख अनुसार दुरुस्त र ठीक छन् ।

अध्यक्ष/कार्यकारी निर्देशक/साझेदार　　　　कम्पनीको छाप　　　　सचिव/संचालक/साझेदार

**परिचय गराउने :**

परिचय गराउनेको नाम: ...................................................... खाता नं.......................

परिचय गराउनेको ठेगाना : ......................................................

.......................................

परिचय गराउनेको दस्तखत

# पेश गर्नुपर्ने कागजातहरू :

| | |
|---|---|
| **१. प्रोपाइटरशीपको खाता**<br>(क) दर्ता प्रमाणपत्रहरु<br>(ख) कर दर्ता प्रमाणपत्र (PAN)<br>(ग) नागरिकता प्रमाणपत्र/राहदानी<br>(घ) घरको ठेगानाको प्रमाणित गर्ने कागज | **३. लिमिटेड कम्पनीको खाता**<br>(क) दर्ता प्रमाणपत्रहरु<br>(ख) कर दर्ता प्रमाणपत्र (PAN)<br>(ग) संचालक समितिको निर्णय<br>(घ) प्रबन्ध पत्र तथा नियमावली<br>(ङ) दस्तखतकर्ताहरुको नागरिकता प्रमाणपत्र/राहदानी<br>(च) दस्तखतकर्ताको घरको ठेगाना प्रमाणित गर्ने कागज |
| **२. साझेदारीको खाता**<br>(क) दर्ता प्रमाणपत्रहरु<br>(ख) कर दर्ता प्रमाणपत्र (PAN)<br>(ग) दर्ता भएको साझेदारहरुले पेश गरिएको सम्झौता पत्र<br>(घ) नागरिकता प्रमाणपत्र राहदानी (साझेदारहरु र दस्तखतकर्ताहरुको)<br>(ङ) साझेदारी सम्बन्धी निर्णय | **४. आइ.एन.जी.ओ./संगठन, संघ संस्था गुठी आदिको खाता**<br>(क) दर्ता प्रमाणपत्रहरु<br>(ख) विधान तथा विनियम<br>(ग) व्यवस्थापन वा संचालक समितिको निर्णय<br>(घ) कर दर्ता प्रमाण पत्र (PAN)<br>(ङ) दस्तखतकर्ताको नागरिकता प्रमाणपत्र/राहदानी<br>(च) दस्तखतकर्ताहरुको आवसीय ठेगाना प्रमाणित गर्ने कागज |

सक्कल कागजात प्रमाणिकरणको लागि पेश हुनु पर्दछ ।

---

## बैंकले मात्र प्रयोग गर्ने

खाता नं. ............................................................ ग्राहकको परिचय (आइ.डी) ............................................................

निक्षेपको वर्ग: नेपाल सरकार/वाणिज्य बैंक/वित्तीय संस्था/संगठित संस्था

दस्तखत स्क्यान (Scan) गर्ने व्यक्तिको दस्तखत.................................................... मिति: ...............................................

| ........................ | ........................ | ........................ |
|---|---|---|
| तयार गर्ने | चेक गर्ने | स्वीकृत गर्ने |

# शर्त तथा बन्देजहरु

१. बैंकले प्रारम्भिक अवस्थामा जम्मा गर्न निर्णय गरे अनुसारको रकम खाता खोल्न जम्मा गर्नु पर्दछ । खातामा बैंकले निर्धारण गरे अनुसार न्यूनतम रकम मौज्दात रही रहनु पर्दछ । अन्यथा बैंकको नियम अनुसार सेवा शुल्क लाग्ने छ ।

२. बैंकमा बुझाएको नमूना अनुसारको दस्तखत चेकमा गर्नु पर्छ । चेकमा कुनै हेरफेर गर्नु परेमा खातावालाको पूरा दस्तखतद्वारा प्रमाणित गरिनु पर्छ ।

३. पछिको मिति लेखिएको र भुक्तानी म्याद गुज्रेको चेक स्वीकार गरिने छैन । सबै चेक वा अन्य साधनहरु खातामा जम्मा गर्नको लागि पेश गरिनु भन्दा पहिले क्रस गरिएको हुनु पर्दछ । खातामा जम्मा गरी सकिएको क्लियर नभएको अवस्थामा झिक्न पाइने छैन र रकम असुल भई नआएमा बैंकले खाताबाट खर्च गर्ने अधिकार राख्दछ ।

४. बैंकबाट दिइएको चेक खातावालाको सम्पत्ति हो । तसर्थ चेकबुक हराएमा, चोरी भएमा, अथवा कुनै पनि किसिमले किर्ते दस्तखत गरी भुक्तानी हुन गएमा बैंक जवाफदेही हुने छैन ।

५. खाता संचालन सम्बन्धमा खातावालाले दिएको निर्देशन बैंकले रेकर्ड गरी राख्ने छ । तर यस्तो निर्देशनमा दृष्टि पुग्न नसकेको अवस्थामा बैंकले कुनै कुराको जिम्मेवारी स्वीकार गर्ने छैन ।

६. खातावालाको जोखिममा रकम संकलनको काम गरिने छ । बैंकले सकेसम्म सावधानीपूर्वक र त्यस साधनको असुली (रियलाइजको) काम गर्ने छ । तर बैंकले यस कार्यमा हुने ढिलाइ र नोक्सानीको कुनै जिम्मेवारी लिने छैन ।

७. खातामा कुनै रकम बाँकी नरहेमा वा ऋणात्मक रहेको अवस्थामा खातावालाले बैंक नियमानुसार त्यस्तो रकम तुरुन्त खातामा जम्मा गर्नु पर्नेछ । साथै खातामा रहनु पर्ने न्यूनतम रकम लगातार ९० दिन सम्म नरहेमा न्यूनतम रकम जम्मा गर्नु पर्नेछ । अन्यथा त्यस्तो खाता स्वतः बन्द गर्न सकिनेछ । खाता संचालन सम्बन्धमा बैंकको बुझाईमा सन्तोषजनक नभएमा वा अरु त्यस्तै कुनै कारण भएमा बैंकले बिना सूचना खाता बन्द गर्न सक्नेछ ।

८. खातावालाको खातामा रहेको रकम, बर्तमान र भविष्यको लागि खातावालाको बैंक प्रति रहेको दायित्वहरुको संरक्षणको रुपमा लिइने छ । खातावालाले दायित्व पूरा गर्न इन्कार गरेमा बैंकलाई यस्तो रकम खातावालाको दायित्व पूरा गर्ने काममा कुनै सूचना नदिई प्रयोग गर्ने अधिकार हुने छ ।

९. बैंकले खातावालालाई खाताको स्टेटमेण्ट पठाएको १४ दिन भित्र कुनै पनि प्रतिकुल लिखित प्रतिक्रिया प्राप्त नभएमा उक्त स्टेटमेण्ट ठीक रहेको मानिने छ ।

१०. बैंकको समयसमयमा परिवर्तन हुने नियम अनुसार लाग्ने शुल्क खाताबाट लिइने छ । कुनै पनि शुल्क, फी, खर्च, कमिशन, जरिवाना, कर, नेपाल सरकार तथा आधिकारिक निकायले निर्धारण गरेको रकम र खाताको मौज्दातको आधारमा लागू गरिने अन्य कुनै पनि रकम खाताबाट डेबिट गर्ने अधिकार बैंकसँग रहने छ । भुलबाट डेबिट अथवा क्रेडिट इण्ट्री हुन गएकोमा सम्बन्धित पक्षलाई सूचना बिना रिभर्स वा समायोजन गर्ने अधिकार बैंकसँग रहने छ ।

११. कुनै खातामा दिइने ब्याजको दर बैंकले प्रकाशित गर्न सक्ने छ, जुन दर ग्राहकलाई जानकारी नदिएरै पनि बदल्न सकिनेछ । बचत खाताको ब्याज मासिक न्यूनतम मौज्दातलाई ३६५ दिनको आधारमा हिसाब गरी अर्ध वार्षिक रुपमा अर्थात पौष र आषाढ महिनाको समाप्तिमा भुक्तानी गरिने छ । चल्ती खातामा बैंकले ब्याज दिने छैन ।

१२. विदेशी मुद्राको खाता खोल्ने र संचालन कार्य बैंकको नियम र प्रक्रियाको अतिरिक्त नेपाल राष्ट्र बैंक र नेपाल सरकारको प्रचलित ऐन नियमको अधिनमा रहने छ ।

१३. मुद्रा परिवर्त्यता, स्थानान्तरण अथवा भुक्तानीमा प्रतिवन्ध, दावी, अनैच्छिक स्थानान्तरण, युद्ध, नागरिक संघर्षको क्रियाकलापहरु र अन्य त्यस्तै बैंकको नियन्त्रण भन्दा बाहिरको कारणहरुले गर्दा हुने र साथै नेपाल सरकार, नेपाल राष्ट्र बैंक वा अन्य अख्तियारी अथवा निकायबाट गरिने कुनै कारवाही वा लगाइएको प्रतिवन्धको कारणले बैंकले ग्राहकलाई खाता अनुसारको मुद्रा अथवा कम्तीमा पनि भुक्तानी दिन वा त्यस्तो मुद्रामा त्यस्तो रकम स्थानान्तरण गर्न अथवा कति पनि स्थानान्तरण नै गर्न नसक्ने अवस्था भएमा त्यसबाट हुने परिणामहरुको लागि बैंक जिम्मेवार हुने छैन ।

१४. साझेदारी खाताहरुको हकमा कुनै लगानी र त्यसमा लागेको प्रतिफल, ब्याज, फी, शुल्क इत्यादी बैंकले समय समयमा निर्धारण गरे अनुसार भुक्तानीको लागि प्रत्येक साझेदार संयुक्त रुपबाट र व्यक्तिगत रुपमा समेत जिम्मेवार हुने छन ।

१५. खातामा रहेको मौज्दात र भएको कारोवारहरुको गोपनियता बैंक र यसका कर्मचारीले पालना गर्ने छन । तथापी खाताबारेको कुनै जानकारी अदालतको आदेश भएमा र प्रचलित कानून अनुसार कुनै अधिकार प्राप्त निकाय वा अधिकारीलाई दिइएकोमा गोपनियता भंग गरेको मानिने छैन ।

१६. यी शर्त र बन्देजहरु कुनै पनि समयमा कुनै पनि किसिमले बैंकलाई मानासिब लागे अनुसार, ग्राहक अथवा सर्वसाधारणलाई सूचना दिएर वा नदिएर पनि बैंकले संशोधन गर्ने अधिकार राख्दछ ।

.......................................

खातावालाको दस्तखत